# विद्यार्थी सेट (क)
# निदानात्मक परीक्षा

**कक्षा : ६** **विषय : नेपाली**

विद्यार्थीको नाम : ..........................................................................................................

विद्यालयको नाम : ........................................................................... जिल्ला : ........................

तपाईं : छात्र ☐ छात्रा ☐ स्थानीय तह :.................................

**१. शिक्षकले भनेको वाक्य सुनेर ठिक (✓) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| म सगरमाथा चढेँ । | |
| तँ सगरमाथा चढिस् । | |
| ऊ सगरमाथा चढ्यो । | |
| उनीहरू सगरमाथा चढे । | |

(ख)

| | |
|---|---|
| समिता बनेपा जाँदै छिन । | |
| समिता धनुषा जाँदै छिन् । | |
| समिता विराटनगर जाँदै हुने छिन् । | |
| समिता धनगढी जाँदै हुने छिन् । | |

(ग)

| | |
|---|---|
| किरण अङ्गुर टिपेर डालामा राख्छन् । | |
| किरणले आरु टिपेर डालामा राखे । | |
| किरणले आँप टिपेर डालामा राखेछन् । | |
| किरण अम्बा टिपेर डालामा राख्दै छन् । | |

(घ)

| | |
|---|---|
| गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुन्छ । | |
| गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुने छ । | |
| गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहोला । | |
| गुरुआमाले नेपालीको पाठ पढाउनुभयो । | |

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द पहिचान गरी लेख्नुहोस् :    (२)**

| **हैरान, अचानक, घुमफिर, आत्तिएको** |
|---|

| **शब्द** | **अर्थ** |
|---|---|
| (क) भ्रमण | .......................................... |
| (ख) आकुलव्याकुल | ........................................... |
| (ग) अकस्मात् | .......................................... |
| (घ) दिक्दार | .......................................... |

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :    (४)**

मेरो नाम प्रतिज्ञा हो । म बिहान चाडै उठ्छु । आफ्नो ओछ्यान मिलाउँछु । म हातमुख धोएपछि आमाबुबालाई अभिवादन गर्छु । म आफैँ चियाखाजा पकाउँछु । घरका सबै सदस्यलाई दिन्छु र आफू पनि खान्छु । म केही समय पढ्छु । खाना खाएपछि आफूले खाएका भाँडा आफैँ माझ्छु । म आफैँ विद्यालय जान्छु । म विद्यालय पुग्नेबित्तिकै गुरुगुरुआमालाई नमस्कार गर्छु ।

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् ।    (४)**

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

सूचना र सञ्चारका विभिन्न साधन छन् । तीमध्ये एउटा भरपर्दो साधन पत्रपत्रिका हो । यसबाट जानकारी, सूचना वा सन्देश एकअर्कासम्म पुऱ्याइन्छ । पत्रपत्रिकामा विज्ञान, शिक्षा, खेलकुद, स्वास्थ्य आदि विषयवस्तु समावेश गरिएका हुन्छन् । यसले हाम्रो खुल्दुली मेटाउँछ । समाचारपत्रले समाजमा राम्रा काम गर्न चेतना जगाउने र सत्यतथ्य जानकारी दिने हुनाले नियमित पढ्नुपर्छ । यसले राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउने काम गर्छन् । त्यसैले हरेक सञ्चार माध्यमले व्यक्तिभन्दा समाज ठुलो र समाजभन्दा राष्ट्र ठुलो हो भन्ने ज्ञान दिन सक्नुपर्छ ।

**प्रश्न**

(क) पत्रपत्रिकामा के के कुरा समावेश गर्न सकिन्छ ?

........................................................................................................................

(ख) पत्रपत्रिका किन पढ्नुपर्छ ?

........................................................................................................................

(ग) पत्रपत्रिका कसरी भरपर्दो साधन हुन सक्छ ?

........................................................................................................................

**६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



**(क)** ........................................................................................................

**(ख)** ........................................................................................................

**(ग)** .................................................................................................

**(घ)** .................................................................................................

**(ङ)** .................................................................................................

**७. दिइएको निमन्त्रणा पत्र पढ्नुहोस् र तपाईंको विद्यालयले मनाउने वार्षिक उत्सवका अवसरमा अतिथिलाई प्रदान गरिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् :** (३)

<table>
<tr><td>
श्री मङ्गलादेवी माध्यमिक विद्यालय<br>
नेत्रावती डबजोङ गाउँपालिका १, धादिङ<br>
हार्दिक निमन्त्रणा<br>
श्री गायत्री इटनीज्यू<br>
नेत्रावती डबजोङ गाउँपालिका १ धादिङ ।<br>
यस विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकाले अतिथिका रूपमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ ।<br>
मिति : २०८० जेठ ६ गते शनिबार<br>
समय : दिनको ११ बजे<br>
स्थान : विद्यालय प्राङ्गण<br>
प्रार्थी<br>
प्रधानाध्यापक<br>
तथा समस्त विद्यालय परिवार
</td></tr>
<tr><td> </td></tr>
</table>

**८. 'परीक्षाको तयारी' शीर्षकमा दुई जना साथीबिच भएको तलको कुराकानी पूरा गर्नुहोस् : (५)**

**विनीता :** ओहो ! विनय तिमी त पढिरहेको पो ?

**विनय :** ए ! विनीता तिमी ? अँ, परीक्षा आउन लाग्यो नि त ! त्यसैले तयारी गर्दै छु ।

अनि तिमी कताबाट आयौ ?

**विनीता :** ..........................................................................

**विनय :** परीक्षा आएको समयमा यसरी मामाघर जान त भएन नि ! केही विशेष काम थियो र ?

**विनीता :** ..........................................................................

**विनय :** ए ! अनि कस्तो छ त अहिले माइजूलाई ?

**विनीता** : ............................................ । बरु तिम्रो पढाइ कस्तो चल्दै छ त ?

**विनय** : ..........................................................................

**विनीता** : परीक्षा नजिक आइसक्यो । खास तयारी गर्न पनि पाएकी छैन ।

**विनय** : ..........................................................................

**विनीता** : म त पढ्न तिम्रै घरमा आउँछु है । अहिले मेरो घरमा कोही नभएकाले एक्लै पढ्न पनि मन लाग्दैन ।

**विनय** : ..........................................................................

**विनीता** : हुन्छ, विनय । म भोलि कति बजे आउँ त ?

**विनय** : ..........................................................................

**विनीता :** म खाजा खाएर किताब कापी पनि लिएर आउछु ।

**विनय :** ..........................................................................

**विनीता** : हुन्छ विनय । हामी एकआपसमा छलफल गरेर पढौँला नि ।

**विनय** : ..........................................................................

**विनीता :** अहिले छुटौँ । म भोलि आउँछु अनि परीक्षाको तयारी राम्ररी गरौँला नि ।

**विनय** : ..........................................................................

**समाप्त**